## कार्यक्रम संचालन कार्यविधि

**कार्यक्रमः कृषकस्तर पशुपालन व्यवहारिक तालिम(१महिने)**
**(पशुपंक्षी फार्ममा संचालन हुने )**
**तालिक स्लट संख्याः ३(प्रति स्लट ५जना)** **सहभागी संख्याः १५जना**
**बजेटः रु.२,२५,०००।००**

---

**भूमिका**
विषय विशेष तालिम(गाई, भैंसी, बाखा, बंगुर, कुखुरा) लिई व्यवसयिक पशुपालन गर्न ईच्छुक पशुपालन/कृषकहरुलाई सम्वन्धित विषयको पशुपंक्षी फार्ममा नै राखि गर्दै सिक्दै सिद्धान्तको आधारमा सीप सिकाई आफैं नै गर्न सक्ने गरी दक्ष बनाउन आवश्यक भएको हुँदा यस किसिमको सीपमा आधारित तालिमको व्यवस्था गरिएको ।

**उद्धेश्यः**
प्रशिक्षार्थीहरुलाई पशुपंक्षी फार्ममा राखि आफै गरेर सिक्ने सिकाईद्धारा नियमित रुपमा सिक्ने अवसर प्रदान गर्दै दक्ष बनाउने ।

**तालिम अबधिः**
**एक महिना (३०दिन)।**
**सहभागीको किसिमः**
पशुपंक्षीपालन पेशाको माध्यमबाट स्वरोजगार बन्न चाहने युवा कृषकहरु(विदेशमा काम गरी स्वदेशमा फर्की व्यवसायीक रुपमा पशुपालन गर्न चाहना राख्ने युवा वर्गहरु समेत) यस तालिमको सहभागी हुनेछन् ।
**सहभागीको छनौटः**
राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्राप्त हुन आएका दरखास्तहरुको आधारमा पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहर भवनले सहभागीहरुको छनौट गर्नेछ ।
**तालिम संचालन विधिः**

- तिन समूह(प्रति समुह ५ जना )मा स्थलगत रुपमा सरकारी तथा सरकारको स्वामीत्व रहेको फार्महरुमा तालिम संचालन हुनेछ ।
- गाई/भैंसीपालन, बाखापलन, बंगुरपालन र कुखुरापालन विषयहरुमा तालिम संचालन हुनेछ ।
- सहभागीले १ महिनासम्म सम्वन्धित विषयको फार्ममा नै बसेर फार्मको प्राविधिक कर्मचारीहरुको सहयोग र रेखदेखमा फार्मको दैनिकी कार्यमा सहभागी भै सीप सिक्नेछ ।
- तालिम अवधि पुरा भए पछि सहभागीहरुलाई पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहर भवन र तालिम संचालन गर्ने फार्मले संयुक्त रुपमा प्रमाण-पत्र प्रदान गर्नेछ ।

**कार्यक्रमः**
तालिम अवधिभर फार्ममा राखि निम्न विषयहरुमा गर्दै सिक्ने विधिबाट ज्ञान र सीप उपलब्ध गराने-

| क्र.सं. | विषय | सैद्धान्तिक | व्यवहारिक | जम्मा कक्षा |
|---|---|---|---|---|
| १ | पशुपंक्षीको स्थानिय तथा उन्नत जात र बिशेषता | १ | १ | २ |
| २ | राम्रो तथा बढी उत्पादन दिने पशुको छनौट विधि । | १ | २ | ३ |
| ३ | पशु नश्ल सुधार विधि | १ | १ | २ |
| ४ | गोठ तथा खोरको निर्माण र सरसफाई | १ | ४ | ५ |
| ५ | दाना बनाउने र खुवाउने विधि | १ | ४ | ५ |
| ६ | पशु आहारा(हरियो घाँस लगाउने, घाँसको संरक्षण गर्ने विधि) | १ | ३ | ४ |
| ७ | खोप लगाउने, औषधी खुवाउने, प्राथमिक उपचार गर्ने र खसी पार्ने व्यवहारिक ज्ञान । | १ | ६ | ७ |
| ८ | गोठ तथा खोरको जैविक सुरक्षा विधि आदि । | १ | ४ | ५ |
| | | ८ | २५ | ३३ |

**तालिम खर्चः**

| विवरण | कैफियत |
|---|---|
| १. सहभागीको भ्रमण खर्चः<br>• सहभागीहरुले प्रचलित दर अनुसार पाउने आतेजाते भ्रमण तथा फुट्कर खर्च | |
| २. सहभागीको दैनिक भत्ताः | |

| | |
|---|---|
| ● प्रति सहभागी प्रति दिन रु.३००।०० ले ३१.५ दिन दैनिक भत्ता | केन्द्रीयस्तर तालिम |
| ३. तालिम संयोजक र सहयोगीको भत्ताः<br>● एक जना तालिम संयोजकले भत्ता वापत प्रति दिन रु.३००।०० ले १५ दिनसम्म र बाँकी अवधि रु.१५०।०० ले पाउने ।<br>● दुई जना तालिम सहयोगीले भत्ता प्रति दिन प्रति व्यक्ति रु.१००।०० ले ३० दिनसम्म पाउने । | |
| ४. तालिम संयोजक र सहयोगी खाजाः<br>१जना तालिम संयोजक र २ जना सहयोगी गरी ३ जनाको प्रति दिन प्रति व्यक्ति खाजा रु.५०।०० ले पाउने । | |
| ५. प्रशिक्षक भत्ताः<br>प्रशिक्षकहरुले फार्ममा ३३ कक्षा संचालन गरे बापत प्रति कक्षा रु.५००।०० ले पाउने पारिश्रमीक | |
| ६. स्टेशनरीः<br>१५ जना सहभागीको प्रति व्यक्ति रु.१००।०० हुने स्टेशनरी खर्च | |
| ७. मसलन्दः<br>तिन समूह (५/५ जनाको एक समूह) को तालिम संचालन गर्न प्रति समूह रु.२५००।००ले हुने मसलन्द खर्च | |
| ८. विविध खर्चः<br>प्रति तालिम रु.२०००।००ले हुने खर्च (पानी, प्रमाणपत्र, व्यानर तथा सरसफाई आदि ।) | |
| ९. तालिम समाग्री(सिरीन्ज, निडिल, फोर्सेप, कैंची, थर्मोमिटर, रुवा, स्पिरीट आदि) प्रचलित बजार दर खरीद गर्ने | |